June 28th, 2024

Friday

आकाशवाणी

प्रमुख समाचार:

- NEET परीक्षामा भएको कथित अनियमिततालाई लिएर विपक्षीको विरोधका कारण आजको लोकसभाको बैठक दिनभरका लागि स्थगित
- राष्ट्रिय राजधानी दिल्लीका विभिन्न भागहरूमा मुसलधारे वर्षा, दिल्ली एयरपोर्ट टर्मिनल १ मा छतको एक भाग भत्किँदा एक जनाको मृत्यु, कैयौं घाइते
- कर्नाटकको हावेरी जिल्लामा भएको सडक दुर्घटनामा १३ जनाको मृत्यु
- अनि चेन्नईमा महिला क्रिकेट टेस्टमा भारत र दक्षिण अफ्रिकाबीचको खेल जारी

LS Adjourns

NEET परीक्षामा भएको कथित अनियमिततालाई लिएर विपक्षीको विरोधका कारण आजको लोकसभाको बैठक दिनभरका लागि स्थगित गरियो। राज्यसभा पनि तीन पटक स्थगित गर्नुपरेको थियो। पहिलो पटक स्थगित भएपछि कार्यवाही सुरु हुँदा कांग्रेस सदस्यहरूले यस विषयमा शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानको राजीनामा माग गर्दै नाराबाजी गर्न थाले। लोकसभा अध्यक्ष श्री ओम बिरलाले यस विषयमा विचार गर्न समिति गठन गरिएको बताउनुभयो। उहाँले राष्ट्रपतिको सम्बोधनमा धन्यवाद प्रस्तावमाथिको छलफलमा सदस्यहरुले यो विषय उठाउन सक्ने बताउनुभयो। NEET को मुद्दामा राज्यसभामा पनि हंगामा भयो। पहिलो स्थगनपछि दिउँसो १२ बजे सदन सुचारु हुँदा कांग्रेस, टीएमसी, डीएमके, आम आदमी पार्टी र अन्य विपक्षी दलहरूले NEET मुद्दामा फेरि सरकारविरुद्ध नाराबाजी गर्न थाले। राष्ट्रपतिको सम्बोधनमा धन्यवाद प्रस्तावमा छलफल जारी राख्दै भाजपा सांसद श्री सुधांशु त्रिवेदीले सरकारका उपलब्धिहरू प्रकाश पार्नुभयो। पूर्व प्रधानमन्त्री तथा जेडीएस नेता श्री एचडी देवगौडाले सरकारले केन्द्रीय अनुसन्धान ब्यूरोलाई यस विषयमा अनुसन्धान गर्न निर्देशन दिएको र सबैले प्रतिवेदन पर्खनुपर्ने बताउनुभयो।

Kiren Rijuju – LS Adjourns

संसदीय मामिला मन्त्री श्री किरेन रिजिजुले विपक्षीको आचरणको निन्दा गर्दै उनीहरूले संसदीय कार्यवाही अवरुद्ध गरेर नियम र परम्परालाई बेवास्ता गरेको बताउनुभयो। संसद बाहिर सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले सरकार हरेक विषयमा छलफल गर्न तयार भएको अनि प्रतिपक्षले सदनको नियम पालना गर्नुपर्ने बताउनुभयो।

Dharmendra Pradhan - NEET

शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले आज NEET परीक्षार्थीहरूलाई आश्वासन दिंदै दोषीलाई कडा कारबाही गरिने बताउनुभएको छ। संसद बाहिर पत्रकारहरुसँग कुरा गर्दै उहाँले सरकार यस विषयमा संवेदनशील रहेको बताउनुभयो। श्री प्रधानले विद्यार्थी र अभिभावकहरूलाई आवश्यक सबै कारबाही गरिने आश्वासन दिए। उहाँले सरकार जुनसुकै विषयमा सदनमा छलफल गर्न तयार रहेको बताउनुभयो।

NTA - Reforms

राष्ट्रिय परीक्षा निकाय एनटीएमा सुधारको सिफारिस गर्न शिक्षा मन्त्रालयले गठन गरेको विज्ञहरूको उच्चस्तरीय समितिले सुधार र पुनर्संरचनाका लागि विद्यार्थी तथा अभिभावकसँग सुझाव मागेको छ । समितिको नेतृत्व इसरोका पूर्व अध्यक्ष डा के राधाकृष्णनले गर्नुभएको छ। समितिले जुलाई ७ सम्म mygov वेबसाइट मार्फत सुझाव र प्रतिक्रियाहरू पठाउन आग्रह गरेको छ। समितिलाई सुझावित उपायहरूसम्बन्धी प्रतिवेदन शिक्षा मन्त्रालयमा दुई महिनाभित्र पेश गर्न भनेको छ।

Hemant Soren - Money Laundering

झारखण्ड उच्च अदालतले आज राज्यका पूर्व मुख्यमन्त्री श्री हेमन्त सोरेनलाई भूमि घोटाला सम्बन्धी रकम हिनामिना मुद्दामा जमानत दिएको छ। उच्च अदालतले १३ जुनमा श्री सोरेनको जमानत याचिकामा आफ्नो निर्णय सुरक्षित राखेको थियो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

Karnataka - Accident

कर्नाटकको हावेरी जिल्लाको एउटा सडकमा पार्किङ गरी राखिएको ट्रकसँग टेम्पो ट्राभलर ठोक्किँदा १३ जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् । मृत्यु हुनेमा आठ महिला र दुई बालबालिका रहेका छन्। दुर्घटना आज बिहान पुणे-बैंगलोर राष्ट्रिय राजमार्गमा भएको थियो। प्राप्त जानकारीअनुसार मृतकहरू धार्मिक स्थलको दर्शन गरेर घर फर्किरहेका थिए।

NHRC - UP

राष्ट्रिय मानव अधिकार आयोग-NHRC ले उत्तर प्रदेश सरकारलाई ग्रेटर नोएडाको मलजल प्रशोधन संयन्त्रभित्र तीन कामदारको कथित मृत्युको बारेमा कारण देखाऊ आदेश जारी गरेको छ। सञ्चारमाध्यममा आएको रिपोर्टलाई लिएर आयोगले उत्तर प्रदेशका मुख्य सचिव र प्रहरी महानिर्देशकलाई एक साताभित्र विस्तृत प्रतिवेदन बुझाउन भनेको छ ।

Usha Thakur - Award

हिन्दी साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याए वापत डा. उषा ठाकुरलाई १२ औं विश्व हिन्दी सम्मेलनले पुरस्कृत गरेको छ । नेपालस्थित भारतीय दूतावासले आयोजना गरेको हिन्दी संवाद कार्यक्रममा उहाँलाई यो पुरस्कार प्रदान गरिएको हो । हाम्रा संवाददाताका अनुसार डा. उषा ठाकुरले हिन्दी र नेपालीमा ४० भन्दा बढी साहित्यकारका कृतिहरू अनुवाद गरी हिन्दी भाषालाई मजबूत बनाउन महत्वपूर्ण भूमिका खेल्नुभएको छ । यो पुरस्कार भारत सरकारको विदेश मन्त्रालयले दिने गर्छ ।

IMD - Weather

पश्चिमी प्रायद्वीपको तटीय क्षेत्रमा आगामी चार दिनसम्म भारी वर्षा हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । राष्ट्रिय राजधानी दिल्लीमा मुसलधारे वर्षाका कारण सामान्य जनजीवन प्रभावित भएको छ भने धेरै क्षेत्र जलमग्न भएका छन् ।

Delhi Airport - Canopy

यसैबीच, दिल्ली एयरपोर्टको टर्मिनल १ मा छतको एक भाग भत्किँदा एक जनाको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्। आज बिहान परेको अविरल वर्षाका कारण विमानस्थलको छत भत्किएको नागरिक उड्डयन मन्त्रालयले जनाएको छ । जसका कारण अर्को सूचना नआएसम्म टर्मिनल १ बाट हुने उडान बन्द गरिएको मन्त्रालयले जनाएको छ । उडान सुचारु गर्न वैकल्पिक व्यवस्था मिलाइने मन्त्रालयले जनाएको छ ।

Foreign Secretary – New Appointment

१९८९ ब्याचका भारतीय विदेश सेवाका आईएफएस अधिकारी श्री विक्रम मिश्रीलाई विदेश सचिवमा नियुक्त गरिएको छ । उहाँले श्री विनय मोहन क्वात्राको स्थान ग्रहण गर्नु हुनेछ। श्री क्वात्राको कार्यकाल आगामी महिनाको १४ तारिख सकिँदैछ। श्री मिस्री हाल राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयमा उपराष्ट्रिय सुरक्षा सल्लाहकारको रुपमा कार्यरत हुनुहुन्छ।

PM – Mann Ki Baat

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आउँदो आइतवार बिहान ११ बजे आकाशवाणी रेडियोमा मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचारहरू साझा गर्नु हुनेछ। यो रेडियो कार्यक्रमको १११ औँ प्रकरण हुनेछ ।

Iran – President Election

इरानमा आज राष्ट्रपतीय निर्वाचनका लागि मतदान हुँदैछ । १४औँ राष्ट्रपतिको निर्वाचन २०२५ मा हुने तय भएपनि गत महिना राष्ट्रपति इब्राहिम राइसीको हेलिकोप्टर दुर्घटनामा निधन भएपछि निर्वाचनको मिति परिवर्तन गरिएको थियो । आन्तरिक मामिला मन्त्री श्री अहमद वाहिदीले टेलिभिजन सम्बोधनमा चुनावको घोषणा गर्नुभएको हो।

Kiran Paul – Paris Olympic

भारतीय ट्र्याक एथलीट किरण पल अर्को महिना हुने पेरिस ओलम्पिकमा महिला ४०० मिटर दौडमा छनोट भएकी छन् । हरियाणाका २४ वर्षीय युवाले हिजो पञ्चकुलामा जारी राष्ट्रिय अन्तर-राज्य वरिष्ठ एथलेटिक्स च्याम्पियनसिपको सेमिफाइनलमा ५०.९२ सेकेन्डमा आफ्नो दौड पुरा गरिन्।

Women's Cricket

महिला क्रिकेटमा भारत र दक्षिण अफ्रिकाबीच चेन्नईमा टेस्ट म्याच चलिरहेको छ । भारतीय कप्तान हरमनप्रीत कौरले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेकी छिन् ।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- NEET परीक्षामा भएको कथित अनियमिततालाई लिएर विपक्षीको विरोधका कारण आजको लोकसभाको बैठक दिनभरका लागि स्थगित
- राष्ट्रिय राजधानी दिल्लीका विभिन्न भागहरूमा मुसलधारे वर्षा, दिल्ली एयरपोर्ट टर्मिनल १ मा छतको एक भाग भत्किँदा एक जनाको मृत्यु, कैयौं घाइते
- कर्नाटकको हावेरी जिल्लामा भएको सडक दुर्घटनामा १३ जनाको मृत्यु
- अनि चेन्नईमा महिला क्रिकेट टेस्टमा भारत र दक्षिण अफ्रिकाबीचको खेल जारी

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।